नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

# प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७९/०३/१७ गते केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ६१ औं बैठक सम्पन्न भयो । विपद् व्यवस्थापन तथा पूर्वतयारी, बजार अनुगमन र अत्यावश्यक वस्तुको भण्डारण, पानीजन्य रोगहरुको रोकथाम तथा उपचार लगायत समसामयिक विषयमा बैठकमा विस्तृत छलफल भयो ।

बैठकबाट विपद् प्रतिकार्यको कार्ययोजनाको कार्यान्वयन गरी गृह मन्त्रालयले प्रत्येक ७ दिनको समीक्षा गरी नियमित प्रतिवेदन पेश गर्ने, सबै प्रदेश गोदाम घरहरुमा अत्यावश्यक राहत सामाग्रीहरुको भण्डारण व्यवस्था मिलाउने, विपद्को पूर्वतयारी र प्रतिकार्यको लागि प्रदेश र स्थानीय तहलाई गृह मन्त्रालयले परिचालन गर्ने/गराउने निर्णय भयो। साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजकत्वमा गृह, कृषि तथा पशुपन्छी, अर्थ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ७ दिनभित्रमा मूल्यवृद्धि र अत्यावश्यक वस्तुको भण्डारण अवस्था एकीन गरी प्रतिवेदन पेश गर्ने र राष्ट्रिय सतर्कता केन्द्रले गुणस्तरीय खानेपानी, फलफूल तथा खाद्य पदार्थ र सार्वजनिक यातायातको भाडा लगायत अन्य सार्वजनिक सेवा प्रवाहको अनुगमनको पनि अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने निर्णयहरु पनि भए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मिति २०७९/३/१६ गते हैजा नियन्त्रण सम्बन्धी समन्वय बैठकको निर्णय अनुसार हैजा नियन्त्रण रोकथाम तथा उपचार सम्बन्धमा सम्बन्धित पक्षहरूबाट हुनु पर्ने कार्यहरु समेटी तयार गरिएको कार्यायोजना कार्यान्वयन गर्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई परिचालन गराई बजार र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने समेत निर्णय भयो।

केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिबाट भएका निर्णयहरु यथाशीघ्र कार्यान्वयनमा ल्याउन मुख्य सचिवज्यूले सम्वन्धित सबै मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिनुभयो। उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन, उद्योग, वाणिज्य तथा आपूर्ति, खानेपानी मन्त्रालयका सचिवहरु, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख एवं राष्ट्रिय योजना आयोग, अर्थ, गृह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो।

मिति : २०७९/०३/१९

महादेव पन्थ
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np